
बर्दिबास नगरपालिका-१ मा अवस्थित एकीकृत नमुना मुसहर बस्ती महोत्तरी जिल्लाको एक नवीन, सामाजिक तथा अध्ययन पर्यटकीय (Social & Study Tourism) स्थलका रूपमा स्थापित भएको छ। हास्यकलाकार तथा समाजसेवी जोडी धुर्मुस-सुन्तली फाउन्डेशनको अगुवाइमा निर्माण भएको यो बस्ती सीमान्कृत, विपन्न र दलित मुसहर समुदायको एकीकृत पुनरुत्थानको नमुना हो। रातो इँटाका चिटिक्क परेका पचासभन्दा बढी लहरै बनाइएका घरहरू, बाल उद्यान, सामुदायिक भवन, कुलदेवीको मन्दिर र सफा-सुग्घर सडकहरूले यो बस्तीलाई आकर्षक बनाएका छन्। सीमान्कृत समुदायको जीवनस्तर उकास्न, सामूहिक आवास प्रणाली बुझ्न र सामाजिक समावेशीकरणको अध्ययन गर्नका लागि देशका विभिन्न भागबाट विद्यार्थी, अनुसन्धानकर्ता, पर्यटक तथा समाजसेवीहरू यो बस्तीको अवलोकन गर्न पुग्छन्। यसले महोत्तरीलाई केवल धार्मिक मात्र नभई सामाजिक विकासको दृष्टिले पनि नयाँ पहिचान दिएको छ।



## २.२.११. महोत्तरीका प्रमुख पिकनिक स्पट तथा प्राकृतिक पर्यटकीय स्थलहरू

महोत्तरी जिल्ला धार्मिक धरोहरमा मात्र नभई प्राकृतिक सुन्दरता, मनोरञ्जन र पारिवारिक भ्रमण (पिकनिक) का लागि पनि उत्तिकै आकर्षक मानिन्छ। जिल्लाको

उत्तरी क्षेत्रमा रहेका चुरे पहाड, हरियाली जङ्गल र खोलानालाहरूले गर्दा यहाँ धेरै पर्यटकीय तथा पिकनिक स्थलहरू विकसित भएका छन्:




- **माइस्थान पिकनिक स्पट र चुरे क्षेत्र (बर्दिबास):** पूर्व-पश्चिम राजमार्गको नजिकै बर्दिबास नजिक रहेको माइस्थान र आसपासका जङ्गल तथा खोलाका बगरहरू जिल्लाकै सबैभन्दा लोकप्रिय पिकनिक स्पट हुन्। मङ्सिरदेखि माघ महिनासम्म यहाँ शैक्षिक भ्रमण, पारिवारिक जमघट र पिकनिक मनाउन आउनेहरूको ठूलो भीड लाग्छ।
- **रातो खोला र चुरे फेदी (बर्दिबास/गौशाला):** बर्दिबास र गौशाला नगरपालिकाको माथिल्लो भेगमा पर्ने रातो खोलाको किनार तथा चुरे पहाडको फेदीमा रहेका मनोरम हरियाली क्षेत्रहरू बनभोजका लागि उपयुक्त प्राकृतिक वातावरण प्रदान गर्छन्।
- **लक्ष्मी सागर र वरुण सर (मटिहानी र जलेश्वर):** जलेश्वरको ऐतिहासिक वरुण सर (पोखरी) र मटिहानीको विशाल लक्ष्मी सागर पोखरी आसपासका क्षेत्रहरू ऐतिहासिक अवलोकनका साथै शान्त वातावरणमा टोलीसहित घुम्न र समय बिताउनका लागि उपयुक्त मानिन्छन्।
- **टुटेश्वरनाथ जङ्गल परिसर:** बर्दिबासको टुटेश्वरनाथ महादेव मन्दिर वरपर रहेको घना जङ्गल र प्राकृतिक खोलाको किनार धार्मिक यात्राका साथै बनभोज र प्रकृतिसँग रमाउनका लागि उत्कृष्ट मानिन्छ।


## २.३ दूरदृष्टि (Vision), ध्येय (Mission), उद्देश्य र कार्यक्षेत्र

- **दूरदृष्टि (Vision):** "सुरक्षित, मर्यादित, सुशासित र समृद्ध महोत्तरी जिल्लाको निर्माण।"
- **ध्येय (Mission):** "प्रविधिमा आधारित, निष्पक्ष, जनमुखी र पारदर्शी स्थानीय प्रशासनमार्फत कानुनी शासन र सर्वसुलभ सेवा प्रवाह सुनिश्चित गर्नु।"
- **मुख्य उद्देश्यहरूः**
  1. जिल्लाभित्र शान्ति-सुरक्षा कायम गरी नागरिकको धनजनको रक्षा गर्नु र अपराध न्यूनीकरण गर्नु।
  2. नागरिकता, राहदानी, राष्ट्रिय परिचयपत्र लगायतका सेवाहरू छिटो, छरितो र झन्झटमुक्त तरिकाले प्रवाह गर्नु।
  3. विपद् जोखिम न्यूनीकरण, पूर्वतयारी, खोज, उद्धार तथा राहत वितरण कार्यलाई प्रभावकारी बनाउनु।
  4. बजार अनुगमन गरी उपभोक्ता अधिकारको संरक्षण र कालोबजारी नियन्त्रण गर्नु।
  5. सरकारी/सार्वजनिक जग्गाको संरक्षण गर्नु र सुशासन अभिवृद्धि गर्नु।
- **कार्यक्षेत्रः** स्थानीय प्रशासन ऐन, २०२८, मुलुकी फौजदारी कार्यविधि संहिता तथा प्रचलित नेपाल कानुनले तोकेका प्रशासनिक, न्यायिक, र सुरक्षा सम्बन्धी सम्पूर्ण कार्यहरू।

## २.४ सङ्गठनात्मक संरचना र मानव संसाधन विवरण

जिल्ला प्रशासन कार्यालय महोत्तरीले जिल्लामा शान्ति सुरक्षा कायम गर्ने, नागरिकता तथा राहदानी जस्ता प्रशासनिक सेवा प्रवाह गर्ने, विपद् व्यवस्थापन गर्ने तथा कानुनको पालना गराउने प्रमुख दायित्व निर्वाह गर्दै आएको छ। यी सेवाहरूलाई सर्वसुलभ, पारदर्शी र प्रभावकारी बनाउन कार्यालयको प्रशासनिक तथा सङ्गठनात्मक ढाँचा व्यवस्थित गरिएको छ।

# २.४.१. जिल्ला प्रशासन कार्यालय महोत्तरीको संगठन संरचना




# २.४.२.स्वीकृत दरबन्दी तथा कार्यरत कर्मचारी स्थितिः

| क्र.सं. | पद नाम | श्रेणी / तह | स्वीकृत दरबन्दी | कार्यरत सङ्ख्या | हाल पद पूर्ति अवस्था |
|---|---|---|---|---|---|
| १ | प्रमुख जिल्ला अधिकारी | रा.प. प्रथम श्रेणी | १ | १ | पूर्ण |
| २ | सहायक प्रमुख जिल्ला अधिकारी | रा.प. द्वितीय श्रेणी | २ | २ | पूर्ण |
| ३ | प्रशासकीय अधिकृत | रा.प. तृतीय श्रेणी | ३ | ३ | पुर्ण |

| | | | | | |
|---|---|---|---|---|---|
| ४ | नायब सुब्बा | राजपत्र अनङ्कित प्रथम | १० | ७ | |
| ५ | खरिदार | राजपत्र अनङ्कित द्वितीय | ५ | ५ | पुर्ण |
| ६ | कम्प्युटर अपरेटर | विविध (सहायक स्तर) | ३ | ३ | पुर्ण |
| ७ | लेखापाल / सह-लेखापाल | आर्थिक प्रशासन | १ | १ | पुर्ण |
| ८ | विवरण दर्ता अपरेटर | करार/प्राविधिक | ३ | ३ | पुर्ण |
| ९ | कार्यालय सहयोगी / सवारी चालक | श्रेणीविहीन | ७ | ७ | पुर्ण |
| जम्मा | | | ३९ | ३६ | |

## २.४.३. कार्यालयका कर्मचारीहरूको सूची:

1. **इन्द्र देव यादव**— प्रमुख जिल्ला अधिकारी
2. **संजय कुमार पोखरेल**— सहायक प्रमुख जिल्ला अधिकारी
3. **कामेश्वर यादव**— प्रशासकीय अधिकृत
4. **शशि मोहन दास**— प्रशासकीय अधिकृत
5. **यमन सुन्दर श्रेष्ठ**— प्रशासकीय अधिकृत
6. **जय कुमार सिंह**— नायब सुब्बा (नयाँ नागरिकता फाँट)
7. **राज नारायण महतो**— नायब सुब्बा (राहदानी फाँट)
8. **अनिल कर्ण**— नायब सुब्बा (नागरिकता प्रतिलिपि फाँट)
9. **श्याम यादव**— नायब सुब्बा (नागरिकता प्रतिलिपि फाँट)
10. **दिनेश प्रसाद साह**— नायब सुब्बा (प्रशासन फाँट/IMT सदस्य)
11. **कमलेश यादव**— नायब सुब्बा (प्रशासन फाँट)
12. **त्रिदेव पंडित**— लेखापाल (आर्थिक प्रशासन)
13. **सुमन कुमार झा**— कम्प्युटर अपरेटर (प्रतिलिपी नागरिकता फाँट)
14. **मो. मोस्तकिम राईन**— कम्प्युटर अपरेटर (मुद्दा फाँट)
15. **राज कुमार कापड**— कम्प्युटर अपरेटर(नयाँ नागरिकता फाँट)
16. **सहिन्द्र यादव, खरिदार (जिन्सी तथा राहदानी)**

17.सुनिल कुमार साह, खरिदार (अनुचित लेनदेन छलफल कक्ष)
18.मनिष कुमार झा, खरिदार(मुद्दा फाँट)
19.रामचन्द्र महतो, खरिदार (नयाँ नागरिकता फाँट)
20.बुद्ध बहादुर कार्की, विवरण दर्ता अपरेटर (राष्ट्रिय परिचय पत्र)
21.नगेन्द्र बहादुर बुढा, विवरण दर्ता अपरेटर (राष्ट्रिय परिचय पत्र)
22.लिना थापा — विवरण दर्ता अपरेटर (राष्ट्रिय परिचय पत्र)
23.हरि बहादुर श्रेष्ठ, हलुका सवारी चालक
24.चिरञ्जीवी शाही — हल्का सवारी चालक
25.बुनिलाल यादव, कार्यालय सहयोगी
26.नुनु पाण्डेय, कार्यालय सहयोगी
27.नागेन्द्र ठाकुर, कार्यालय सहयोगी
28.इन्दल डोम, कार्यालय सहयोगी
29.जीवन कुमार श्रेष्ठ, कार्यालय सहयोगी
30.धिरेन्द्र कुमार साह, इलेक्ट्रिसियन
31.मुन्ना कुमार मेस्तर, कार्यालय सहयोगी

## २.४.४.पूर्व प्रमुख जिल्ला अधिकारीहरूको नामावली

| सि.नं. | पद | नामथर | देखि | सम्म |
|---|---|---|---|---|
| १. | प्र.जि.अ. | श्री घनानाथ ओझा | २०४१/१/११ | २०४२/११/३ |
| २. | प्र.जि.अ. | श्री टीकादत्त निरौला | २०४२/११/२९ | २०४५/१२/१२ |
| ३. | का.मु. प्र.जि.अ. | श्री नरेन्द्र बहादुर रायमाझी | २०४५/१/१ | २०४६/३/५ |
| ४. | प्र.जि.अ. | श्री भोला सिलवाल | २०४६/३/२० | २०४७/५/४ |
| ५. | प्र.जि.अ. | श्री युवराज शर्मा | २०४७/५/१५ | २०४८/७/२७ |
| ६. | प्र.जि.अ. | श्री बासुदेव खनाल | २०४८/८/३ | २०४९/७/२१ |

| सि.नं. | पद | नामथर | देखि | सम्म |
|---|---|---|---|---|
| ७. | का.मु. प्र.जि.अ. | श्री धर्मराज ढुंगाना | २०४९/८/१ | २०४९/९/१८ |
| ८. | " " | श्री दुर्गा प्रसाद पोखरेल | २०४९/९/२० | २०५०/११/१७ |
| ९. | का.मु. प्र.जि.अ. | श्री श्याम प्रसाद शर्मा | २०५०/११/१८ | २०५०/११/३० |
| १०. | " " | श्री दुर्गा प्रसाद पोखरेल | २०५०/१२/१ | २०५१/१/१३ |
| ११. | का.मु. प्र.जि.अ. | श्री जयनारायण मण्डल | २०५१/१/१५ | २०५२/२/२ |
| १२. | प्र.जि.अ. | श्री प्रेमनिधि ज्ञवाली | २०५२/२/७ | २०५२/२/२३ |
| १३. | प्र.जि.अ. | श्री बैद्यनाथ मल्लिक | २०५२/२/२४ | २०५२/७/१५ |
| १४. | का.मु. प्र.जि.अ. | श्री जयनारायण मण्डल | २०५२/७/१६ | २०५३/६/१८ |
| १५. | " " | श्री केदारमान अमात्य | २०५३/६/२२ | २०५४/७/६ |
| १६. | प्र.जि.अ. | श्री विनोद ज्ञवाली | २०५४/७/७ | २०५४/७/७ |
| १७. | प्र.जि.अ. | श्री बाबुराम लामिछाने | २०५४/८/१ | २०५४/८/१७ |
| १८. | प्र.जि.अ. | श्री केदारमान अमात्य | २०५४/८/१८ | २०५५/२/२६ |
| १९. | का.मु. प्र.जि.अ. | श्री मति अम्बिका के.सी. | २०५५/३/२ | २०५५/५/३ |
| २०. | " " | श्री नरेन्द्रराज पौडेल | २०५५/५/८ | २०५६/८/३० |
| २१. | प्र.जि.अ. | श्री लक्ष्मी प्रसाद भट्टराई | २०५६/९/१ | २०५८/८/१७ |
| २२. | का.मु. | श्री मोहन प्रसाद आचार्य | २०५८/९/१८ | २०५९/५/१६ |
| २३. | प्र.जि.अ. | श्री विमल प्रसाद ढकाल | २०५९/५/२४ | २०६२/१/३१ |

| सि.नं. | पद | नामथर | देखि | सम्म |
|---|---|---|---|---|
| २४. | प्र.जि.अ. | श्री जय मुकुन्द खनाल | २०६२/२/४ | २०६३/३/२८ |
| २५. | प्र.जि.अ. | श्री रत्न राज पाण्डे | २०६३/३/३२ | २०६४/२/२७ |
| २६. | का.मु. प्र.जि.अ. | श्री नेत्र प्रसाद शर्मा | २०६४/२/३० | २०६५/७/६ |
| २७. | प्र.जि.अ. | श्री तारानाथ गौतम | २०६५/७/१७ | २०६६/१/२३ |
| २८. | प्र.जि.अ. | श्री सागरमणि पराजुली | २०६६/१/३० | २०६७/३/३१ |
| २९. | प्र.जि.अ. | श्री रामकृष्ण सुवेदी | २०६७/३/१ | २०६७/९/११ |
| ३०. | प्र.जि.अ. | श्री तेज प्रसाद पौडेल | २०६७/९/१८ | २०६८/२/२५ |
| ३१. | प्र.जि.अ. | श्री शंकर अर्याल | २०६८/२/२९ | २०६८/१०/२४ |
| ३२. | प्र.जि.अ. | श्री प्रदिपराज कणेल | २०६८/१०/२५ | २०६९/६/३ |
| ३३. | प्र.जि.अ. | श्री मधु सुदन बुर्लाकोटी | २०६९/६/७ | २०६९/११/१ |
| ३४. | का.मु. प्र.जि.अ. | श्री विष्णु ब. थापा | २०६९/११/२ | २०७०/१/३ |
| ३५. | प्र.जि.अ. | श्री राम प्रसाद थपलिया | २०७०/१/४ | २०७१/२/७ |
| ३६. | प्र.जि.अ. | श्री रवि लाल पन्थ | २०७१/२/८ | २०७१/५/१६ |
| ३७. | प्र.जि.अ. | श्री दिपक काफ्ले | २०७१/५/१८ | २०७२/६/२२ |
| ३८. | प्र.जि.अ. | श्री वीरेन्द्र कुमार यादव | २०७२/७/१० | २०७४/४/२९ |

| सि.नं. | पद | नामथर | देखि | सम्म |
|---|---|---|---|---|
| ३९. | प्र.जि.अ. | श्री बाबु राम श्रेष्ठ | २०७४/४/३० | २०७५/३/२८ |
| ४०. | प्र.जि.अ. | श्री उमेश कुमार ढकाल | २०७५/३/२७ | २०७६/५/१४ |
| ४१. | प्र.जि.अ. | श्री सूर्य बहादुर खत्री | २०७६/५/१६ | २०७७/२/२१ |
| ४२. | प्र.जि.अ. | श्री कृष्ण बहादुर कटुवाल | २०७७/२/२२ | २०७७/८/१० |
| ४३. | प्र.जि.अ. | श्री केशव प्रसाद विमली | २०७७/८/१३ | २०७७/११/२१ |
| ४४. | प्र.जि.अ. | श्री तिर्थराज भट्टराई | २०७७/११/२३ | २०७८/६/१७ |
| ४५. | प्र.जि.अ. | श्री बासुदेव दाहाल | २०७८/६/१८ | २०७९/६/१२ |
| ४६. | प्र.जि.अ. | श्री दिपककुमार पहाडी | २०७९/६/१३ | २०८०/५/३१ |
| ४७. | प्र.जि.अ. | श्री शिवराम गेलाल | २०८०/६/१ | २०८१/७/१३ |
| ४८. | प्र.जि.अ. | श्री लालबाबु कवारी | २०८१/७/१४ | २०८२/१/२४ |
| ४९. | प्र.जि.अ. | श्री नारायण प्रसाद रिसाल | २०८२/१/२५ | २०८२/०७/१२ |
| ५०. | प्र.जि.अ. | श्री इन्द्रदेव यादव | २०८२/०७/१७ | |

## २.५ महोत्तरी जिल्लाका प्रमुख राजमार्ग, सडक सञ्जाल तथा राष्ट्रिय/प्रादेशिक गौरवका आयोजनाहरू

## *(क) महोत्तरी जिल्लाका प्रमुख राजमार्ग तथा रणनीतिक सडक सञ्जाल*

महोत्तरी जिल्ला उत्तर-दक्षिण र पूर्व-पश्चिम जोड्ने राष्ट्रिय तथा प्रादेशिक तहका मुख्य राजमार्गहरूको सञ्जालले जेलिएको रणनीतिक भू-भाग हो। जिल्लाको आर्थिक, व्यापारिक र सामाजिक जीवनलाई चलायमान बनाउने प्रमुख सडकहरू निम्न अनुसार रहेका छन्ः

1. **पूर्व-पश्चिम राजमार्ग (महेन्द्र राजमार्ग - NH01):**
   - **क्षेत्रः** उत्तरी महोत्तरी (बर्दिबास, रातु खोला क्षेत्र)।
   - **महत्त्वः** नेपालको तराई भाग जोड्ने यो मुख्य राजमार्ग महोत्तरीको बर्दिबास भएर गुजरिन्छ। यसले जिल्लालाई पूर्व र पश्चिमका अन्य जिल्लाहरूसँग सहज रूपमा जोड्नुका साथै उत्तरी व्यापारिक हबका रूपमा बर्दिबासलाई स्थापित गरेको छ।



2. **बीपी राजमार्ग (बर्दिबास-सिन्धुली-धुलिखेल - NH13):**
   - **क्षेत्रः** बर्दिबासबाट सुरु भई चुरे पहाडी श्रृङ्खला हुँदै काठमाडौं उपत्यका जोड्ने।
   - **महत्त्वः** महोत्तरी र सिङ्गो मधेश प्रदेशलाई सङ्घीय राजधानी काठमाडौंसँग जोड्ने सबैभन्दा छोटो, सुरक्षित र रणनीतिक राजमार्ग

हो। यसले राजधानीसँगको दूरी र यात्रा समय उल्लेख्य रूपमा घटाएको छ।

3. **हुलाकी राजमार्ग (NH05):**
   - **क्षेत्रः** जनकपुर-सम्सी-सितलपुर-मनरा खण्ड (दक्षिणी/पूर्वी मधेश क्षेत्र)।
   - **महत्त्वः** दक्षिणी तराईका ग्रामीण बस्तीहरू र भारतीय सीमावर्ती बजारहरूसँग प्रत्यक्ष सम्पर्क स्थापित गरी ग्रामीण अर्थतन्त्र उकास्न र कृषि उपजको बजारीकरण गर्न यो राजमार्गले मेरुदण्डको भूमिका खेलेको छ।
4. **जलेश्वर-बर्दिबास सडक (NH28):**
   - **क्षेत्रः** भिट्टामोड (नेपाल-भारत सीमा) - जलेश्वर - महादेव पोखरी - बखरीभाठ - औरही - बर्दिबास।
   - **महत्त्वः** महोत्तरीको उत्तर-दक्षिण 'लाइफलाइन' (Lifeline)। भारतको भिट्टामोड मुख्य नाका, जिल्ला सदरमुकाम जलेश्वर र उत्तरी व्यापारिक केन्द्र बर्दिबास (महेन्द्र राजमार्ग) लाई जोड्ने मुख्य व्यापारिक तथा प्रशासनिक मार्ग।
5. **जलेश्वर-जनकपुर सडकः**
   - **क्षेत्रः** जलेश्वर - पिपरा - धनुषाको जनकपुरधाम।
   - **महत्त्वः** जिल्ला सदरमुकाम जलेश्वरलाई मधेश प्रदेशको राजधानी जनकपुरधामसँग जोड्ने दैनिक प्रशासनिक तथा व्यापारिक आवागमनको प्रमुख सडक।
6. **मदन भण्डारी राजमार्ग (निर्माणाधीन/विस्तारित):**
   - **क्षेत्रः** चुरे तथा भित्री मधेश (उत्तरी क्षेत्र - बर्दिबास/सिन्धुली सीमा क्षेत्र)।
   - **महत्त्वः** चुरे क्षेत्रका विकट बस्तीहरूलाई पूर्व-पश्चिम जोड्ने र पूर्व-पश्चिम राजमार्गको वैकल्पिक/पूरक मार्गका रूपमा यातायात पहुँच पुऱ्याउने महत्त्वाकांक्षी आयोजना।

फोटो राख्ने स्थानः बर्दिबासस्थित बीपी र महेन्द्र राजमार्गको सङ्गमस्थल/हुलाकी राजमार्गको दृष्य

## *(ख) महोत्तरी जिल्लामा सञ्चालित राष्ट्रिय तथा प्रादेशिक गौरवका आयोजनाहरू*

जिल्लाको पूर्वाधार विकास, जलस्रोत व्यवस्थापन, यातायात रूपान्तरण र आर्थिक समृद्धिमा बहुआयामिक योगदान पुऱ्याइरहेका प्रमुख आयोजनाहरूबारे संक्षिप्त विवरणः

1. **जयनगर-जनकपुर-कुर्था-भङ्गाह (बिजुलपुरा)-बर्दिबास रेलवे आयोजनाः**
   - **प्रकृतिः** राष्ट्रिय गौरवको रेल पूर्वाधार आयोजना (नेपाल रेलवे)।
   - **अद्यावधिक स्थिति र महत्त्वः** भारतको जयनगरदेखि जनकपुर हुँदै महोत्तरीको भङ्गाह (बिजुलपुरा) सम्म यात्रुवाहक रेल सेवा नियमित सञ्चालनमा आइसकेको छ। भङ्गाहदेखि बर्दिबासासम्म जग्गा अधिग्रहण तथा लिक (Railway Track) निर्माण कार्य द्रुत गतिमा भइरहेको छ। बर्दिबासमा यो आयोजना पूर्व-पश्चिम विद्युतीय रेलमार्गसँग जोडिनेछ, जसले सीमापार व्यापार र पर्यटनमा क्रान्ति ल्याउनेछ।
2. **पूर्व-पश्चिम विद्युतीय रेलमार्ग (बर्दिबास खण्ड):**
   - **प्रकृतिः** राष्ट्रिय गौरवको आयोजना।
   - **महत्त्वः** बर्दिबासलाई मुख्य जंक्शन (Railway Hub) बनाएर मेची-महाकाली विद्युतीय रेलमार्ग निर्माणको प्रारम्भिक, जग्गा मुआब्जा वितरण तथा ट्र्याक बेड (Track Bed) तयारीका महत्त्वपूर्ण कामहरू अघि बढाइएको छ।
3. **रातु, मरहा र बिग्ही खोला तटबन्ध एवं नदी नियन्त्रण आयोजनाः**
   - **प्रकृतिः** विपद् व्यवस्थापन, नदी नियन्त्रण तथा जनताको तटबन्ध कार्यक्रम।
   - **महत्त्वः** बर्खायाममा रातु, मरहा, जङ्घा र बिग्ही खोलाले गर्ने तीव्र भू-क्षय, कटान र डुबानबाट बर्दिबास, औरही, भङ्गाह, बलवा, जलेश्वर, लोहारपट्टी लगायतका क्षेत्रका हजारौं हेक्टर खेतीयोग्य जमिन र

मानव बस्ती जोगाउन स्थायी तटबन्ध (Spur/GABION Block) निर्माण आयोजना सञ्चालित छ।

4. **बर्दिबास इन्धन भण्डारण, पेट्रोलियम/ग्यास पाइपलाइन तथा औद्योगिक पूर्वाधारः**
   - **प्रकृतिः** राष्ट्रिय इन्धन सुरक्षा तथा औद्योगिक आयोजना।
   - **महत्त्वः** अमलेखगञ्ज-चितवन र जनकपुर-बर्दिबास क्षेत्रलाई समेटेर इन्धन भण्डारण डिपो विस्तार गर्ने तथा उत्तर-दक्षिण व्यापारिक सहजताका लागि बर्दिबास वरपर औद्योगिक क्षेत्र (Industrial Estate) स्थापना गर्ने रणनीति अघि बढाइएको छ।
5. **एकीकृत सडक स्तरोन्नति तथा पक्की पुल निर्माण आयोजनाः**
   - **प्रकृतिः** सडक पूर्वाधार र पुल निर्माण आयोजना।
   - **महत्त्वः** बर्दिबास-जलेश्वर सडक (NH28) र हुलाकी राजमार्ग अन्तर्गत पर्ने साना-ठूला नदी तथा खोलाहरू (रातु, मरहा, बिग्ही आदि) मा डबल-लेन पक्की पुल निर्माण र सडकलाई दुई लेन कालोपत्रे (Asphalt Overlay) गरी बाह्रै महिना यातायात सुचारु राख्ने काम भइरहेको छ।
6. **सघन सहरी विकास तथा जलेश्वर सौन्दर्यीकरण आयोजनाः**
   - **प्रकृतिः** सङ्घीय तथा प्रादेशिक सहरी पूर्वाधार एवं सम्पदा संरक्षण आयोजना।
   - **महत्त्वः** ऐतिहासिक सदरमुकाम जलेश्वरको ढल निकास प्रणाली सुधार, सडक चौडा र पेभिङ, धार्मिक पोखरीहरू (वरुणसर, पुरन्दरसर आदि) को सौन्दर्यीकरण, सडक बत्ती (Smart Street Lights) र प्रसिद्ध जलेश्वरनाथ मन्दिर परिसरको गुरुयोजना अनुसार एकीकृत पूर्वाधार विकास कार्य भइरहेको छ।

# परिच्छेद ३ः वार्षिक प्रगति तथा उपलब्धिहरू (सङ्ख्यात्मक र वित्तीय)

आर्थिक वर्ष २०८२/०८३ (२०८२ साउन १ देखि २०८३ असार मसान्तसम्म) मा जिल्ला प्रशासन कार्यालय, महोत्तरीबाट प्रवाह गरिएका सेवाहरू तथा सम्पादित कार्यहरूको आधिकारिक सङ्ख्यात्मक र वित्तीय प्रगति विवरणः

## ३.१ नागरिक सेवा सम्बन्धी वार्षिक सङ्ख्यात्मक प्रगति

| क्र.सं. | कार्य / सेवाको शीर्षक | आ.व. २०८२/०८३ को कुल वार्षिक प्रगति | कैफियत / टिप्पणी |
|---|---|---|---|
| १ | नयाँ नागरिकता प्रमाणपत्र (वंशज) | १०,०५१ थान | अनलाइन रुजुसहित जारी |
| २ | नयाँ नागरिकता प्रमाणपत्र (वैवाहिक अङ्गीकृत) | ५६६ थान | कानुनी छानबिन पश्चात् |
| ३ | गैर-आवासीय नागरिकता जारी | ३ थान | नयाँ व्यवस्था अनुसार |
| ४ | नागरिकता प्रमाणपत्र (प्रतिलिपि) | ११,२५३ थान | CCIMS डिजिटल भिडान |
| ५ | अङ्गीकृत नागरिकता | १५९ थान | |
| ६ | नाबालिग परिचयपत्र जारी | १८१ थान | |
| ७ | राहदानी आवेदन सङ्कलन | ८,८८९ थान | अनलाइन प्रणालीबाट |
| ८ | राहदानी वितरण | १०,१५० थान | |
| ९ | राष्ट्रिय परिचयपत्र विवरण सङ्कलन | ३४,००६ जना | बायोमेट्रिक दर्ता |
| १० | राष्ट्रिय परिचयपत्र (NID Card) वितरण | १२,७६६ थान | |
| ११ | राष्ट्रिय परिचयपत्र विवरण संशोधन | १,८९८ जना | |
| १२ | समावेशी तथा अन्य प्रमाणीकरण | ३,५६७ थान | |

| | | | |
|---|---|---|---|
| १३ | हातहतियार नवीकरण | ७४ थान | |
| १४ | ठाडो उजुरी (शान्ति/सुरक्षा सम्बन्धी) | १,४६७ थान | सम्बोधन तथा फछ्र्यौट |
| १५ | गैरसरकारी संस्था दर्ता | २१ वटा | |
| १६ | संस्था नवीकरण | २०५ वटा | |
| १७ | संस्थाको शाखा/कार्यक्षेत्र विस्तार | ३ वटा | |
| १८ | मुद्दा दर्ता (इजलास) | १७४ वटा | नयाँ दर्ता |
| १९ | मुद्दा फछ्र्यौट | ११९ वटा | फैसला सम्पन्न |
| २० | वैदेशिक रोजगारी सम्बन्धी ठाडो निवेदन दर्ता | १९२ वटा | ठगी तथा उद्धार |
| २१ | वैदेशिक रोजगारी सम्बन्धी निवेदन फछ्र्यौट | १११ वटा | सहमति तथा रकम फिर्ता |
| २२ | नागरिकता परित्याग | १६ जना | |
| २३ | नागरिकता बदर | ९ थान | किर्ते/झुट्टा विवरण प्रमाणित |

## ३.२ बजेट, वित्तीय प्रगति र वार्षिक राजस्व सङ्कलन विवरण (Revenue Collection)

आर्थिक वर्ष २०८२/०८३ मा जिल्ला प्रशासन कार्यालय, महोत्तरीबाट राजस्व शीर्षक अनुसार

| क्र.सं. | राजस्व शीर्षक | आ.व. २०८२/०८३ मा सङ्कलित राजस्व रकम (रु.) | कैफियत |
|---|---|---|---|
| १ | राहदानी शुल्क | रु. ५,३१,६०,३४५/- | मुख्य राजस्व स्रोत |
| २ | हातहतियार इजाजत पत्र दस्तुर | रु. ३,९०,५००/- | |
| ३ | अन्य प्रशासनिक सेवा | रु. ३,७५,५००/- | प्रतिलिपि/प्रमाणीकरण |

| | | | |
|---|---|---|---|
| | शुल्क | | |
| ४ | सङ्घ/संस्था दर्ता तथा नवीकरण शुल्क | रु. ३,१४,४०५/- | |
| ५ | परीक्षा शुल्क | रु. १,३२,६००/- | |
| ६ | प्रशासनिक दण्ड जरिवाना | रु. १,२०,७२५/- | बजार अनुगमन/सार्वजनिक अपराध |
| ७ | न्यायिक दण्ड जरिवाना (इजलास) | रु. ९,४०,६८१/- | मुद्दा फैसला जरिवाना |
| कुल जम्मा | आ.व. २०८२/०८३ को कुल राजस्व | रु. ५,५४,३५,१८६/- | *(पाँच करोड चौवन्न लाख पैंतीस हजार एक सय छियासी रुपैयाँ)* |



## ३.३ कार्यसम्पादन सम्झौता तथा केन्द्रीकृत कार्यसम्पादन मूल्याङ्कन प्रणाली (CPAS) मा हासिल उपलब्धि

गृह मन्त्रालय र जिल्ला प्रशासन कार्यालय, महोत्तरीबिच भएको वार्षिक कार्यसम्पादन सम्झौताका तोकिएका सूचकहरू, शान्ति-सुरक्षा व्यवस्थापन, सेवा प्रवाहमा सुधार, सुशासन कायम, र नतिजामुखी प्रशासन सञ्चालनको वस्तुनिष्ठ

मूल्याङ्कनका लागि **केन्द्रीकृत कार्यसम्पादन मूल्याङ्कन प्रणाली (Centralized Performance Assessment System - CPAS)** कार्यान्वयनमा रहेको छ।

चालु आर्थिक वर्षका विभिन्न त्रैमासिकहरूमा गृह मन्त्रालयद्वारा गरिएको सघन मूल्याङ्कनमा जिल्ला प्रशासन कार्यालय, महोत्तरीले उच्च अङ्क हासिल गर्दै आफ्नो कार्यकुशलता र प्रशासनिक प्रतिबद्धतालाई प्रमाणित गरेको छ।

त्रैमासिक CPAS प्राप्ताङ्कको विवरणः

| त्रैमासिक अवधि | कूल भारित अङ्क | हासिल भएको प्राप्ताङ्क | सफलता/प्रगति प्रतिशत (%) |
|---|---|---|---|
| प्रथम त्रैमासिक | २९.२५ | २०.२९ | ६९.३६% |
| दोस्रो त्रैमासिक | २०.२५ | १८.८७ | ९३.१९% |
| तेस्रो त्रैमासिक | १८.२५ | १५.७५ | ८६.३०% |

CPAS मूल्याङ्कनको विश्लेषनात्मक समीक्षाः

- **निरन्तर सुधार र उच्च दक्षताः** दोस्रो र तेस्रो त्रैमासिकमा हासिल भएको उच्च सफलता प्रतिशत (क्रमशः ९३.१९% र ८६.३०%) ले कार्यालयको आन्तरिक कार्यप्रणालीमा आएको गुणात्मक सुधार र सेवा प्रवाहमा जनशक्ति परिचालनको प्रभावकारितालाई स्पष्ट पार्छ।
- **गृह मन्त्रालयको प्राथमिकता कार्यान्वयनः** गृह मन्त्रालयबाट प्राप्त नीतिगत मार्गदर्शन, सेवा सरलीकरण, टोकन प्रणाली कार्यान्वयन, अनुचित लेनदेन (मिटरब्याज) पीडितहरूलाई न्याय दिलाउने र शान्ति-सुरक्षा चुस्त राख्ने लगायतका कार्यमा हासिल भएका नतिजाहरू नै यस मूल्याङ्कनका मुख्य आधार बनेका हुन्।
- **भावी लक्ष्यः** आगामी त्रैमासिकहरूमा बाँकी रहेका सूचकहरूमा समेत १००% सफलता हासिल गर्ने गरी कार्यालयको स्रोत, साधन र प्रविधिलाई पूर्ण क्षमतामा परिचालन गर्ने रणनीति लिइएको छ।

# परिच्छेद ४: शान्ति सुरक्षा, अपराध नियन्त्रण तथा लागूऔषध विरुद्धका अभियान

## ४.१ शान्ति सुरक्षा स्थिति र जिल्ला सुरक्षा समितिका सार्वजनिक सरोकारका निर्णयहरूको संक्षेप

महोत्तरी जिल्लाको खुला अन्तर्राष्ट्रिय सीमा, राजमार्ग (बर्दिबास क्षेत्र) र सामाजिक-सांस्कृतिक विशिष्टतालाई ध्यानमा राखी जिल्ला सुरक्षा समितिले नियमित तथा आकस्मिक बैठकहरू बसी देहाय बमोजिमका रणनीतिक निर्णयहरू गरी कार्यान्वयनमा ल्याएको छ:

- **सीमा निगरानी र घुसपैठ रोकथाम:** सीमा नाकाहरूबाट रोहिङ्ग्या लगायतका अनधिकृत विदेशी नागरिकहरूको प्रवेश रोक्न सूक्ष्म निगरानी गर्ने।
- **गस्ती वृद्धि:** रात्रिकालीन समयमा हुन सक्ने चोरी, तस्करी र सडक अपराध नियन्त्रणका लागि नेपाल प्रहरी र सशस्त्र प्रहरी बलको संयुक्त पट्रोलिङ (Joint Patrolling) बढाउने।
- **सार्वजनिक जग्गा संरक्षण:** अतिक्रमित सरकारी/सार्वजनिक जग्गा र नदी किनारका क्षेत्रमा पुनः बसोबास हुन नदिन कडा सुरक्षा प्रबन्ध मिलाउने।
- **सद्भाव कायम:** धार्मिक तथा सामाजिक सद्भावमा खलल पुऱ्याउन सक्ने अवाञ्छित गतिविधिहरूमाथि कडा निगरानी राख्ने।

## ४.२ लागूऔषध ओसारपसार तथा प्रयोग नियन्त्रण सम्बन्धी प्रतिवेदन

खुला सीमाका कारण जिल्लामा सिर्जित लागूऔषध चुनौतीबारे प्रमुख जिल्ला अधिकारी इन्द्र देव यादवको नेतृत्वमा जिल्ला सुरक्षा समितिले विशेष स्थलगत निरीक्षण गरी तयार पारेको प्रतिवेदनका आधारमा सञ्चालित अभियानहरू:



सहायक प्रमुख जिल्ला अधिकारी र सुरक्षा टोली द्वारा सम्भाव्य लागूऔषध नाकामा गरिएको स्थलगत निरीक्षण

1. **मुद्धा तथा कारबाहीः** आर्थिक वर्ष २०८२/०८३ मा जिल्ला प्रशासन कार्यालय र जिल्ला सुरक्षा समिति, महोत्तरीले खुल्ला सीमानाका र बीपी तथा पूर्व-पश्चिम राजमार्गको संवेदनशील अवस्थितिलाई दृष्टिगत गरी लागूऔषध नियन्त्रण ऐन, २०३३ अन्तर्गत कठोर अनुसन्धानात्मक नीति अख्तियार गरेको छ। यस्ता गतिविधमा संलग्न लाई कानूनको दायरामा ल्याई अनुसन्धान पूरा गरी अदालतमा अभियोगपत्र दायर गर्ने काम निरन्तर जारी रहेका छन्। साना 'भरिया' हरूमा मात्र सीमित नभई लागूऔषध कारोबारका मुख्य लगानीकर्ता (Masterminds) सम्म पुग्ने गरी वित्तीय अनुसन्धान अघि बढाउनुका साथै एम्बुलेन्स, इन्धन ट्याङ्कर तथा अन्य अत्यावश्यक सेवाका सवारी साधनमार्फत हुने फर्मास्युटिकल ड्रग्स र गाँजा/चरेशको नयाँ शैलीको ओसारपसार रोक्न सीमा क्षेत्रमा डिजिटल चेकिङ र सघन अनुगमन कडाइका साथ लागू गरिएको छ।।
2. **तस्करीका मुख्य विन्दुहरू (Hotspots):**

- **मुख्य सीमा नाका (भिट्टामोड, मटिहानी, सम्सी)**ः भारतबाट फर्मास्युटिकल ड्रग्स (डाइजेपाम, बुप्रिनर्फिन आदि) नेपाल भित्रिने र नेपालबाट भारततर्फ गाँजा/चरेश तस्करी हुने विन्दुहरू।
- **बर्दिबास राजमार्ग नाका**ः पहाडी जिल्लाहरूबाट आउने गाँजाको सङ्कलन र राजधानी पठाउने क्षेत्र।
- **रातु र बिग्ही खोला किनार**ः एकान्त र झाडीयुक्त क्षेत्र भएकाले प्रयोगकर्ताहरूका लागि प्रयोग स्थल बनेकाले विशेष चेकिङ टोली परिचालन गरिएको छ।

3. **लागूऔषध नियन्त्रणका रणनीतिक निर्णयहरूः**
   - एम्बुलेन्स, इन्धनका ट्याङ्कर र तरकारी बोक्ने गाडीहरूमा लुकाएर ल्याउने नयाँ शैलीमाथि शङ्कास्पद चेकिङ कडाइ गरिएको छ।
   - 'भरिया' लाई मात्र नभई मुख्य लगानीकर्ता (Masterminds) सम्म पुग्ने गरी अनुसन्धान केन्द्रित गरिएको छ।
   - स्थानीय पालिकाहरूसँगको समन्वयमा युवाहरूका लागि सीपमूलक तालिम र पुनर्स्थापना केन्द्र स्थापनाका लागि पहल गरिएको छ।

### ४.३ सीमा सुरक्षा, संयुक्त गस्ती (Joint Patrol) र सुरक्षा निकाय अनुगमन

चौथो त्रैमासिक (२०८३ असार) मा प्रमुख जिल्ला अधिकारी श्री इन्द्र देव यादव र सहायक प्रमुख जिल्ला अधिकारी श्री संजय कुमार पोखरेलद्वारा सम्पादित अनुगमन कार्यहरू मध्ये केहीको विवरण:

- **इलाका प्रहरी कार्यालय, बलवा (२०८३/०३/२१)**ः प्रशासनिक अभिलेख, हिरासत कक्ष दुरुस्त रहेको; वर्षात्को मर्मत र बाढी उद्धार तयारी गर्न निर्देशन दिइयो।
- **सशस्त्र प्रहरी बल (APF Base), बनौटा (२०८३/०३/२१)**ः अनुशासन र मनोबल उच्च पाइयो; इलाका प्रहरी बलवासँग संयुक्त गस्ती (Joint Patrol) लाई निरन्तरता दिन निर्देशित गरियो।

- **भिट्टामोड नाका (BOP भिट्टामोड र प्रहरी चौकी मलिवाडा) (२०८३/०३/२५)**: २४ सै घण्टा सीमा निगरानी (Border Vigilance), CCTV दुरुस्त राख्न र भन्सार राजस्व चुहावट रोक्न निर्देशन दिइयो।
- **BOP मटिहानी र प्रहरी चौकी मटिहानी (२०८३/०३/२५)**: दशगजा (No Man's Land) मा भारतीय सुरक्षा बल (SSB) सँग संयुक्त पट्रोलिङ अनुगमन गरियो। जिर्ण प्रहरी चौकी भवन निर्माणको लागि पहल गर्ने प्रतिबद्धता व्यक्त गरियो।



*प्रमुख जिल्ला अधिकारी द्वारा सिमा अनुगमन*

## ४.४ स्वच्छ, निष्पक्ष र भयरहित निर्वाचन व्यवस्थापन

सङ्घीय लोकतान्त्रिक गणतन्त्रको सुदृढीकरणका लागि आवधिक निर्वाचनलाई स्वच्छ, निष्पक्ष, भयरहित र विश्वसनीय वातावरणमा सम्पन्न गराउन जिल्ला प्रशासन कार्यालयको नेतृत्वमा एकीकृत सुरक्षा रणनीति एवं निष्पक्ष प्रशासनिक परिचालन पूर्ण निष्ठाका साथ कार्यान्वयन गरिएको थियो

- **एकीकृत निर्वाचन सुरक्षा योजना (Integrated Election Security Plan):** निर्वाचनलाई निष्पक्ष, भयरहित र शान्तिपूर्ण वातावरणमा सम्पन्न गर्न जिल्ला सुरक्षा समितिमार्फत एकीकृत सुरक्षा रणनीति तयार गरी नेपाली सेना, नेपाल

प्रहरी, सशस्त्र प्रहरी बल र राष्ट्रिय अनुसन्धान विभागको समन्वयात्मक परिचालन गरिएको।

- **मतदान स्थल तथा केन्द्रहरूको संवेदनशीलता वर्गीकरणः** जिल्लाभित्रका सम्पूर्ण मतदान स्थल तथा केन्द्रहरूको स्थलगत निरीक्षण गरी सुरक्षा संवेदनशीलताका आधारमा (अति संवेदनशील, संवेदनशील र सामान्य) वर्गीकरण गरी सोही अनुरूप म्यादी प्रहरी तथा सुरक्षाकर्मीहरूको रणनीति अनुसार जनशक्ति तैनाथ गरिएको।
- **अन्तर्राष्ट्रिय सीमा नाका सिल तथा गस्तीः** निर्वाचनको ७२ घण्टा अगावै भारतसँग जोडिएको ६४.५ कि.मी. अन्तर्राष्ट्रिय सीमा नाका पूर्ण रूपमा सिल (Seal) गरी दुवै देशका सुरक्षा निकायहरूको संयुक्त गस्ती (Joint Patrol) मार्फत अवैध आवतजावत र सीमापार अपराध शून्य पारिएको।
- **आचारसंहिता पालना तथा बजार निगरानीः** निर्वाचन आचारसंहिताको पूर्ण पालना गराउन, अवैध नगद प्रवाह, मदिरा बिक्री-वितरण तथा ओसारपसार नियन्त्रण गर्न जिल्लाभर विशेष अनुगमन टोली र चेकिङ कडाइ गरिएको।
- **मतदान सामग्री, जनशक्ति व्यवस्थापन र मतगणना सुरक्षाः** मुख्य निर्वाचन अधिकृतको कार्यालयसँगको समन्वयमा मतपत्र, मतपेटिका तथा निर्वाचन सामग्रीहरूको सुरक्षित ओसारपसार, मतदान अधिकृत/कर्मचारीहरूको सुरक्षित परिचालन र मतगणना स्थलको त्रि-स्तरीय सुरक्षा घेरा व्यवस्थापन गरिएको।
- **निर्वाचन व्यवस्थापन र सुरक्षा चुनौती समन्वय** स्थानीय प्रशासन, सुरक्षा निकाय र छिमेकी भारतीय समकक्षहरूसँगको प्रभावकारी सुझबुझ एवं समन्वयका कारण निर्वाचन अवधिभर जिल्लाको शान्ति सुरक्षा चुस्त-दुरुस्त राखिएको छ। विशेष गरी निर्वाचनको संवेदनशील समयमै परेको होली पर्व तथा नेपाल-भारत दुवै देशको भूभाग समेटिने ऐतिहासिक मिथिला मध्यमा परिक्रमाजस्ता ठूला धार्मिक तथा सांस्कृतिक उत्सवहरूलाई कुनै अप्रिय घटना हुन नदिई सौहार्दपूर्ण वातावरणमा व्यवस्थापन गरिएको थियो। परिक्रमाका क्रममा नेपाल प्रवेश गर्ने र फर्किने हजारौं तीर्थयात्रीहरूको सहजीकरणका लागि भारतीय नागरिकहरूको द्रुत पहिचान गर्ने संयन्त्र मिलाई सीमानाकामा कडा सुरक्षा जाँचका बीच पनि भारतीय यात्रुहरूको सहज फिर्ता

(Outgoing Traffic) लाई निर्बाध रूपमा सुचारु राखिएको थियो। धार्मिक संवेदनशीलता, जनआगमनको चाप र निर्वाचन सुरक्षाको दोहोरो चुनौतीलाई प्रशासनिक परिपक्वताका साथ सम्बोधन गरी जिल्लामा शान्तिपूर्ण वातावरणमा निर्वाचन सम्पन्न गराउन यो मोडल सफल सिद्ध भएको छ



(मतदान स्थल निरिक्षणको क्रममा जिल्ला सुरक्षा समितिका पदाधिकारीहरु)



*(निर्वाचन प्रहरीलाई प्रमाणपत्र वितरण गर्दै प्रमुख जिल्ला अधिकारी इन्द्रदेव यादव)*

# परिच्छेद ४ नागरिक वडापत्र (Citizen Charter & SOP)

## ४.१ नागरिक वडापत्र अनुसार प्रवाह गरिने प्रमुख सेवाहरूको विवरण

जिल्ला प्रशासन कार्यालय, महोत्तरीबाट नागरिक वडापत्र (Citizen Charter) अनुसार प्रवाह गरिने मुख्य-मुख्य सेवाहरू, सोका लागि आवश्यक पर्ने प्रमाण/कागजात, लाग्ने समय, दस्तुर तथा जिम्मेवार अधिकारीहरूको संक्षिप्त जानकारी तल प्रस्तुत गरिएको छ:

<u>नागरिक वडापत्र अनुसार सेवा प्रवाहको संक्षिप्त विवरण</u>

| क.सं. | सेवाको नाम | आवश्यक पर्ने मुख्य कागजातहरू | लाग्ने समय | दस्तुर (रु.) | जिम्मेवार अधिकारी |
|---|---|---|---|---|---|
| १ | नयाँ वंशज नागरिकता | • सम्बन्धित स्थानीय तह/वडाको अनुसूची-१ सिफारिस<br>• बाबु र आमाको नागरिकता प्रमाणपत्रको सक्कल तथा प्रतिलिपि<br>• जन्मदर्ता प्रमाणपत्र वा शैक्षिक प्रमाणपत्र<br>• सनाखत गर्ने व्यक्ति (बाबु/आमा/संरक्ष | सोही दिन | निःशुल्क | प्रशासकीय अधिकृत / प्रमुख जिल्ला अधिकारी |

| | | | | | |
|---|---|---|---|---|---|
| | | क) को उपस्थिति र नागरिकता | | | |
| २ | **वैवाहिक अङ्गीकृत नागरिकता** | • सम्बन्धित वडाको सिफारिस र विवाह दर्ता प्रमाणपत्र<br>• पतिको नागरिकता प्रमाणपत्रको सक्कल र प्रतिलिपि<br>• विदेशी नागरिकता/पासपोर्ट त्यागेको प्रमाण वा स्वघोषणा | कानुनी छानबिन पश्चात् | निःशुल्क | प्रमुख जिल्ला अधिकारी |
| ३ | **नागरिकता प्रतिलिपि** | • स्थानीय तह/वडाको सिफारिस<br>• पुरानो नागरिकता प्रमाणपत्रको प्रतिलिपि वा हराएको प्रहरी प्रतिवेदन<br>• CCIMS प्रणालीबाट अभिलेख भिडान | १ देखि ३ घण्टा | रु. १३०/- | प्रशासकीय अधिकृत |
| ४ | **राष्ट्रिय परिचयपत्र (NID) दर्ता** | • नेपाली नागरिकताको | १५ मिनेट (विवरण | निःशुल्क | NID दर्ता अपरेटर |

| | | | | | |
|---|---|---|---|---|---|
| | | सक्कल प्रमाणपत्र<br>• अनलाइन फारामको Barcode / QR Code<br>• विवाह दर्ता / बसाइँसराइ (आवश्यक परेमा) | दर्ता) | | / प्रशासकीय अधिकृत |
| ५ | राहदानी (E-Passport) सिफारिस | • अनलाइन अपोइन्टमेन्ट फाराम<br>• सक्कल नागरिकता र राष्ट्रिय परिचयपत्र (NID) नम्बर<br>• अनलाइन वा बैंक राजस्व दाखिला रसिद | सोही दिन | साधारणः रु. ५,०००/-<br>बालबालिका रु.२,५०० /- | प्रशासकीय अधिकृत |
| ६ | नाबालक परिचयपत्र | • सम्बन्धित वडा कार्यालयको सिफारिस र जन्मदर्ता प्रमाणपत्र<br>• बाबु तथा आमाको नेपाली नागरिकता प्रमाणपत्र | सोही दिन | रु. ०/- | प्रशासकीय अधिकृत |